

# सुन्दर खेलको कुरूप पक्ष

सन् २०२२ मा कतार हुने विश्वकप फुटबल प्रतियोगिता आयोजनास्थलमा आप्रवासी श्रमिकहरूको शोषण

AMNESTY INTERNATIONAL

**एम्नेस्टी इन्टरनेसनल मानवअधिकारको गम्भीर उल्लङ्घनको अन्त्यका लागि अभियान सञ्चालन गर्ने १५० देश र क्षेत्रहरुमा रहेका ७० लाख भन्दा बढी समर्थक, सदस्य र अभियन्ताहरुको विश्वव्यापी आन्दोलन हो ।**

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारका अन्य अन्तर्राष्ट्रिय मापदण्डमा स्थापित सबै अधिकारहरू हरेक व्यक्तिले उपभोग गर्न पाएको सुनिश्चित गर्नु हाम्रो दूरदृष्टि हो ।**

**हामी कुनै पनि सरकार, राजनीतिक आस्था, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो आर्थिक स्रोत विशेषगरी हाम्रो सदस्यता र सार्वजनिक चन्दा हो ।**

©एम्नेस्टी इन्टरनेसनल २०१६

अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक, यस दस्तावेजका अन्तर्वस्तु क्रिऐटिभ कमन्स् (उदृत गर्ने, गैरव्यवसायिक, डेरिभेटिभ्स् नभएको, इन्टरनेसनल ४.०) लाईसेन्स्अन्तर्गत सुरक्षित गरिएका छन् ।
**https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode**

थप जानकारीका लागि हाम्रो वेबसाइटको अनुमति पृष्ठ हेर्नुहोस् :
सामग्री एम्नेस्टी बाहेकको प्रतिलिपि अधिकारधारीलाई उदृत गरिएको अवस्थामा सो सामग्रीमा क्रियेटिभ कमन्स् लाइसेन्स् लागु हुँदैन ।

एम्नेस्टी इन्टरनेसनलद्वारा

**सन् २०१६मा पहिलो पटक प्रकाशित**
**पिटर बेनेन्सन हाउस्, १ इस्टन स्ट्रिट**
**लण्डन डब्लुसी१एक्सओडीडब्लु, यूके**

**इन्डेक्स् : एमडीई २२/३७४१/२०१६**
**मूल भाषा : अङ्ग्रेजी**
**एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय सचिवालय, यूकेद्वारा प्रकाशित**

**amnesty.org**

← 

कतार, दोहा - जनवरी ३१, २०१६ : सन् २०२२ को फिफा विश्वकपको समूह र पछिल्लो चरणका खेलहरू हुने कतारको दोहास्थित एस्पायर जोनमा रहेको खलिफा इन्टरनेसनल स्टेडियमको निर्माण र मर्मतसम्भारका क्रममा क्रेन र निर्माण कार्यको एउटा दृश्य म्याथ्यू एशटोन -एएमए/गेटी इमेज

## १. सारसंक्षेप

***"मेरो यहाँको जीवन जेल बराबर छ । काम पनि कठिन छ, हामीले तातो घाममा धेरै घण्टा काम गर्नु पर्छ । कतारमा आएको केही समयमै मेरो अवस्थाका बारेमा गुनासो गर्दा, म्यानेजरले भने, यदि उजुरी गर्न चाहन्छौं भने गर, तर त्यसले केही परिणामहरू ल्याउने ्छ । यदि तिमी कतारमा बस्न चाहन्छौ भने, चुप लागेर काम गर । अहिले म कतारमा बस्न र काम गर्न बाध्य भएको छु ।*** **सन् २०२२को विश्वकप फुटबल प्रतियोगितास्थलका रुपमा रहने खलिफा इन्टरनेसनल स्टेडियममा फलामसम्बन्धी काम गर्ने दीपक, मे २०१५मा भएको कुराकानीमा**

सन् २०१० मा फुटबलसम्बन्धी अन्तर्राष्ट्रिय महासंघ (फिफा)ले सन् २०२२ को विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्ने अधिकार खाडी मुलुक कतारलाई प्रदान गऱ्यो । प्रतियोगिताको आतिथ्य गर्न आवश्यक स्टेडियम र अन्य पूर्वाधारसम्बन्धी विशाल निर्माण परियोजनाहरूलाई कार्यान्वयन गर्ने दिशामा देश अघि बढ्यो । ती परियोजनाहरू मध्ये एक कतारको मुख्य खेलकुदस्थलमा रुपमा रहेका खलिफा इन्टरनेसनल स्टेडियमको व्यापक मर्मतसम्भार रहेको छ । खलिफा स्टेडियम खेलकुद सहरका रुपमा चिनिने एस्पायर जोनमा अवस्थित छ जहाँ विभिन्न खेलका मैदान र सुविधाहरू सार्वजनिक रुपमा उपलब्ध छन् ।

सन् २०१५ मा एम्नेस्टी इन्टरनेसनलले खलिफा स्टेडियममा आफू काम गर्ने कम्पनीबाट मानवअधिकार ज्यादतिको सामना गरिरहेका १०० भन्दा बढी आप्रवासी कामदारहरूको पहिचान गरेको थियो । खलिफा स्टेडियम वरिपरि रहेको एस्पायर जोनको हरित क्षेत्रमा भूदृश्य निर्माणकार्यमा संलग्न आप्रवासी कामदारहरूको श्रम अधिकारको पनि उनीहरूको रोजगारदाताबाट हनन् भइरहेको संस्थाले पाएको थियो ।

कतारको कुल श्रमिक संख्याको ९० % भन्दा बढी दक्षिण एसियाबाट आएका आप्रवासी कामदारहरू रहेका छन् । कतारमा रोजगारीका लागि आउने पुरुष र महिलाहरू *स्पन्सर* (प्रायोजक) प्रणाली अन्तर्गत आउने गर्दछन्, जसले गर्दा उनीहरूको जीवनमाथि उनीहरूका रोजगारदाताको उल्लेखनीय नियन्त्रण रहने गर्दछ । कतारमा रहेका हरेक आप्रवासी कामदारको एउटा "स्पन्सर" (प्रायोजक) हुनुपर्छ, र सो व्यक्ति उसैको रोजगादाता हुन आवश्यक छ । रोजगारी परिवर्तन गर्न वा देश बाहिर जान आप्रवासी कामदारहरूलाई उनीहरूको स्पन्सरको अनुमति आवश्यक हुन्छ । यदि स्पन्सरले आफ्नो स्पन्सरसिप अर्थात प्रायोजन फिर्ता लिएमा आप्रवासी कामदारहरू कुनै पनि समयमा देश निकाला हुनसक्छ, र त्यसविरुद्ध उनीहरूले चुनौती दिनसक्ने कुनै व्यवस्था छैन । धेरै आप्रवासी कामदारहरूले कतार जानका लागि ठूलो रकम ऋणमा लिएको हुनेगर्छ र उनीहरूको परिवार उनीहरूको तलबमा निर्भर हुने भएकाले उनीहरू सजिलै शोषणमा पर्ने गर्छन् ।

कतारमा विशेषगरी निर्माण क्षेत्रमा आप्रवासी कामदारहरूको शोषणबारे खासगरी सन् २०१० यता मानवअधिकार र ट्रेड युनियन समूह र अन्तर्राष्ट्रिय सञ्चार माध्यमले व्यापक रुपमा उठाउँदै आएका छन् । प्रचारमा आएका अनुसार आप्रवासी कामदारहरूले धेरै सामना गर्नु परेका समस्याहरूमा स्वदेशमा रोजगार व्यावसायीहरूले काम गर्ने राम्रो वातावरण रहने वाचा गरे तापनि कतार आइपुग्दा आप्रवासी कामदारहरूले त्यस्तो नपाउने, रोजगार दाताहरूले
कामदारहरूलाई फोहोरी ठाउँमा बस्न बाध्य बनाउने, रोजगादाताले कामदारको राहदानी जफत गरी कतारबाट बाहिर जान आवश्यक प्रस्थान भिसाबाट बञ्चित गराउने, र रोजगारदाताहरूले कामदार लाई उपर्युक्त परिचयपत्र उपलब्ध नगराउने, जसले गर्दा उनीहरू पक्राउ पर्नसक्नेलगायत रहेका छन् । ज्यादै कठोर अवस्थामा आप्रवासीहरूलाई बलजफ्त श्रममा पनि लगाइने गरेको छ, जुन अपवादका रुपमा भने रहेको छैन ।

एम्नेस्टी इन्टरनेसनलले खलिफा स्टेडियमको मर्मतसम्भार र एस्पायर जोनका बारेमा सन् २०१५ को फेब्रुवरी र सन् २०१६ को फेब्रुवरीबीच अनुसन्धान गरेको थियो । अनुसन्धानकर्ताहरूले कतारको तीन पटक भ्रमण गरी दुर्व्यवहारका लागि जिम्मेवार कम्पनीहरुका लागि कार्यरत कुल २३४ जना पुरुषहरूको अन्तर्वार्ता लिए । उनीहरूले ती पुरुषहरू बसोबास गर्ने श्रम शिविरको भ्रमण गरे, ती परियोजाहरूका बारेमा सार्वजनिक रुपमा उपलब्ध दस्तावेजको

समीक्षा गरे र कतारमा विश्वकप सम्पन्न गर्न जिम्मेवार संस्था सुप्रिम कमिटी फर डेलिभरी एण्ड लिगेसीसँग भेट गरे । खलिफा स्टेडियम र एस्पायर जोन परियोजनाका लागि जिम्मेवार कम्पनीहरूसँग सञ्चारसम्पर्कमा पनि अनुसन्धानकताहरू सहभागी भए ।

## खलिफा स्टेडियम र एस्पायर जोन परियोजनाका लागि जिम्मेवारी कम्पनी र संस्थाहरू

सबै विश्वकपस्थलहरूमा भइरहेको काम कतार सरकारले विश्वकप सम्पन्न गर्न स्थापना गरेको सुप्रिम कमिटी फर डेलिभेरी एण्ड लिगेसीअन्तर्गत भइरहेको छ । खलिफा स्टेडियमको मर्मतसम्भारसम्बन्धी काममा शृङ्खलावद्ध ठेकेदारहरूको संलग्नता रह तापनि उनीहरूले अन्ततः एउटै ग्राहकलाई रिपोर्ट गर्छन् । यो ग्राहक एस्पायर जोन फाउण्डेसन हो , जसले खलिफा स्टेडियम परियोजनामा सुप्रिम कमिटीका तर्फबाट काम गर्दछ । फाउण्डेसनको स्थापना सन् २००८ मा कतारलाई सम्भ्रान्त खेलहरूको एउटा अन्तर्राष्ट्रिय केन्द्र बनाउने उद्देश्यका साथ त्यहाँको अमिरको आदेशबाट भएको हो । एस्पायर जोन फाउण्डेसनले खलिफा स्टेडियमका लागि एउटा मुख्य ठेकेदारका रुपमा संयुक्त लगानीको एउटा कम्पनीलाई नियुक्त गर्‍यो, जसमा कतारी निर्माण कम्पनी मिडम्याक र बेल्जियन कम्पनी बेसिक्स्को सहायक कम्पनी सिक्स् कन्स्ट्रक्ट संलग्न छन् ।

खलिफा स्टेडियमको कामको समग्र जिम्मेवारी मिडम्याक-सिक्स् कन्स्ट्रक्ट जेभीको भए तापनि मर्मतसम्भारका निश्चित कामहरू गर्न निर्माणस्थलमा अन्य कम्पनीहरू परिचालित छन् । त्यसमा एउटा कम्पनी मलेसियाली कम्पनी ऐभरसेन्डाइको सहायक कम्पनी ऐभरसेन्डाइ कतार हो । खलिफाको कामका लागि ऐभरसेन्डाइले कम्तीमा पनि दुई वटा श्रमिक आपूर्ति कम्पनीहरूको प्रयोग गरेको छ, जसमा सेभेन हिल्स् र ब्लु बे रहेका छन् । श्रमिक आपूर्ति कम्पनीहरूले सानो काम गर्नेगर्छन् जहाँ एउटा स्पन्सर (प्रायोजक)ले कतारमा केही संख्यामा आप्रवासी कामदारहरू ल्याउँछ र काम गर्न अन्य कम्पनीहरूलाई ठेक्कामा दिन्छ । श्रमिक आपूर्ति कम्पनीहरू व्यावसायिक क्रियाकलापहरूमा प्रत्यक्ष रुपमा संलग्न हुँदैनन्; उनीहरूको खास काम भनेको श्रमिकहरू ठेक्कामा दिनु हो ।

सन् २०१४ मा सुप्रिम कमिटीले सबै विश्वकप स्थलहरूका लागि श्रमिक कल्याण मापदण्डको स्थापना गर्‍यो । ती मापदण्डहरू विश्वकप स्थलहरूमा काम गर्न कम्पनीहरूसँग गरिएको सम्झौतापत्रमा संलग्न गरिएको छ । त्यसले कतारमा अभिलेख गरिएको श्रमसम्बन्धी सबै मुख्य मुद्दाहरूलाई समेटेको छ, जसमा नीति अनुरुपको नियुक्ति, समयमै तलब दिने र बलजफ्त श्रममाथि् पूर्ण प्रतिबन्ध समावेश छन् । ती मध्ये धेरै मुद्दाहरू कतारको कानुनल पनि समेटेको पाइन्छ । विशेषगरी कतारी कानुनले राहदानी जफत

गर्ने, पारिश्रमिक वा ज्याला ढिलो दिने र ठगी गरेर श्रमिक भर्ती गने कार्यलाई प्रतिबन्धित गरेको छ ।

एस्पायर जोन हरित क्षेत्रको काम कतारी कम्पनी नखील ल्याण्डस्केप्सले गरिरहेको छ । एस्पायर जोन फाउण्डेसनअन्तर्गतको एस्पायर लजिस्टिक्स् यस परियोजनाको ग्राहक हो । एस्पायर जोन हरित क्षेत्रको काम आधिकारिक विश्वकप परियोजना अन्तर्गत होइन ।

## खलिफा स्टेडियम र एस्पायर जोनमा मानवअधिकार ज्यादति

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका सबै पुरुषहरूले रोजगारीका लागि भर्ती शुल्कका लागि ऋण लिएको बताए । त्यस्तो शुल्क प्रायः आफ्नो देशका म्यानपावर कम्पनीहरूलाई भुक्तानी गरिन्छ । कतारी कानुनले आप्रवासी कामदारहरूबाट भर्ती शुल्क लिन प्रतिबन्धित गर्दछ, तथापि यो कार्य व्यापक रुपमा भइरहेको पाइन्छ ।

एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्ने धेरै आप्रवासी श्रमिकहरूले कतार आइपुग्दा आफूलाई स्वदेशमा कामका लागि छनौट गर्ने संस्थाले वाचा गरको भन्दा फरक कामको शर्त र अवस्था पाएको बताए । मुख्यरुपमा गरिएको छलकपटमा श्रमिकहरूले बताए अनुसार पारिश्रमिकसम्बन्धी थियो । अन्तर्वार्ता लिइएका सबै २३४ पुरुषहरूले कतार आइपुगेपछि आफ्नो तलब आफूलाई वाचा गरिएको भन्दा

कम हुने थाहा पाएको एम्नेस्टी इन्टरनेसनललाई बताए ।
जालसाजीजन्य भर्ती प्रक्रियाले श्रमिकहरूका लागि श्रम शोषण र बलजफ्त श्रमको जोखम बढाउने काम गर्छ ।

कतार जानका लागि शुल्क भुक्तानी गरिसकेको र धेरै अवस्थामा श्रमिकहरुले ऋण लिएर आएको अवस्थामा उनीहरूसँग थोरै तलब स्वीकार्नु बाहेक अर्को विकल्प नभएको महसुस गर्दछन् । तथापि त्यसले उनीहरूमध्ये धेरैलाई ज्यादै कठिन अवस्थामा पुर्‍याउँदै आफूले आशा गरेको भन्दा कम ज्यालाका कारण ऋण तिर्न संङ्घर्ष गर्नुपने भयो ।

यो समस्यालाई नियन्त्रण गर्न एम्नेस्टी इन्टरनेसनलले सम्पर्क गरेको कुनै पनि कम्पनीले कुनै प्रभावकारी कदम चालेको थिएन । नखील ल्याण्डस्केप्सले एम्नेस्टी इन्टरनेसनललाई आफू त्यस्तो जानकीबाट स्तब्ध भएको र त्यसबारे कारवाही चलाउने बतायो । यद्यपि नखीलका श्रमिकहरूले आफ्नो म्यानेजरलाई आफ्नो तलब वाचा गरिएको भन्दा कम भएको जानकारी गराएको तर वेवास्ता गरिएको बताए । एक जना पुरुषले बताए अनुसार उनलाई नखीलका म्यानेजरले यसो भने, “तिमीलाई बङ्गलादेशमा के वाचा गरिएको थियो, त्यो मेरो समस्या होइन ।”

खलिफा स्टेडियम मर्मतसम्भार र एस्पायर जोन हरित परि योजनामा संलग्न पुरुषहरूलाई एम्नेस्टी इन्टरनेसनलले सन् २०१५ मा पहिलो पटक भेट्दा उनीहरू फोहोरी श्रमिक शिविरमा, भीडभाड भएको

कोठामा र न्यून सुविधासहित बसोबास गरिरहेको पाएको थियो । एउटा उदाहरणमा त्यो शिविरमा पुग्ने मुख्य प्रवेशमार्ग अपर्याप्त ढल निकासका कारण जलमग्न थियो, र ताजा मलमुत्रको गन्ध आइरहेको थियो । सबै आवास क्षेत्रहरूले कतारी कानुन र सुप्रिम कमिटिको श्रमिक कल्याण मापदण्ड दुवैको स्पष्ट उल्लङ्घन गरेका थिए ।

अन्तर्वार्ता लिईएका मध्ये केही पुरुषहरूलाई पछि तुलनात्मक रुपमा राम्रो आवास क्षेत्रमा सार्ने काम गरियो । यसमा एभेरसेन्डाइका लागि काम गर्ने पुरुषहरू समावेश थिए, जसलाई मध्य २०१५ मा स्थानान्तरण गरियो । खलिफा स्टेडियमसम्बन्धी ठेक्का एभेरसेन्डाईले अगस्ट २०१४ मा प्राप्त गरेको थियो तर मिडम्याक सिक्स् कन्स्ट्रक्ट जेभीले श्रम शिविरको जाँच जनवरी २०१५ मा मात्र गऱ्यो र आप्रवासी श्रमिकहरू बस्न बाध्य भएको गुणस्तरहीन अवस्थाका बारेमा अवगत भयो । एभेरसेन्डाईका लागि प्रत्यक्ष रुपमा काम गर्ने पुरुषहरूलाई नयाँ घरमा स्थानान्तरण गरिए तापनि खलिफा स्टेडियममा एभेरसेन्डाईले प्रयोग गरेको श्रमिक आपूर्ति कम्पनीहरूका लागि काम गर्ने पुरुषहरूलाई सारिएन । एभेरसेन्डाईले अक्टोबर २०१४ र जुन २०१५ का बीच खलिफा निर्माणस्थलमा ल्याएका पुरुषहरू फेब्रुवरी २०१६ सम्म त्यही दयनीय अवस्था बस्न बाध्य थिए ।

नखील ल्याण्डस्केपका लागि एस्पायर जोनको हरित क्षेत्रमा काम गर्ने पुरुषहरू पनि श्रम शिविरहरूमा न्यून गुणस्तरको आवास क्षेत्रमा बसोबास गरिरहेका थिए । सन् २०१५ को अन्त्यमा भने नखील

ल्याण्डस्केपले आफ्नो श्रमिक टोलीलाई नयाँ आवास क्षेत्रमा सार्ने काम गऱ्यो ।

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएको बहुसंख्यक श्रमिकहरूको राहदानी कतारी कानुनको विपरित उनीहरूको रोजगारदाताले जफत गरेर राखेको थियो । राहदानी कब्जा लिने कार्यले श्रमिकहरूलाई देश छोडेर जान पाउने आफ्नो अधिकार उपभोग गर्नबाट बञ्चित गर्ने र बलजफ्त श्रमप्रतिको जोखिम बढाउने काम गर्दछ । त्यसपछि केही कम्पनीहरूले आफ्ना कर्मचारीहरूलाई राहदानी फिर्ता दिए । यद्यपि यो कार्य एम्नेस्टी इन्टरनेसनलले ती कम्पनीहरूलाई पत्राचार गरेपछि मात्र भएको देखिन्छ ।

एभरसेन्डाईले कम्पनीलाई राहदानी राख्ने स्वीकृति प्रदान गर्ने श्रमिकहरूले उन्मुक्ति फारममा हस्ताक्षर गरेको बतायो । यो सन्तोषजनक व्याख्या भएन । कानुनले कुनै पनि अवस्था रोजगारदाताहरूलाई राहदानी आफूसँग राख्न पाउने व्यवस्था गरेको छैन र त्यस्तो उन्मुक्ति फारममा हस्ताक्षर गर्नबाट अस्वीकार गर्ने अवस्थामा श्रमिकहरू नहुनसक्छन् । नखीलले आफ्नो कर्मचारीहरूको राहदानी आफूसँग राख्नुको कुनै कारण व्याख्या गरेन, तर अहिले फिर्ता गरिसकेको जनाएको छ ।

खलिफा स्टेडियमका लागि काम गरिरहेका पुरुषहरूले एम्नेस्टी इन्टरनेसनललाई तलब भुक्तानी अनियमित र ढिला हुने गरेको बताए, जुन् कार्य उनीहरूका लागि ठूलो चिन्ताको विषय थियो किनभने धेरैको ठूलो रकम ऋण चुक्ता गर्न बाँकी थियो । उदाहरणका

लागि, सेभेन हिल्स् नामक श्रमिक आपूर्ति कम्पनीका लागि काम गर्ने पुरुषहरूले एम्नेस्टी इन्टरनेसनललाई आफ्नो तलब धेरै महिना देखि बाँकी रहेको बताए। उनीहरूले कतार आएपछिको पहिलो तीन वा चार महिना तलब प्राप्त नगरेको बताए। त्यसपछि उनीहरूले नियमित रुपमा तलब प्राप्त गरे तापनि उनीहरूले पाउनुपर्ने रकम स्थायी रुपमा कयौं महिना बराबरको बेरुजु थियो। यो अभ्यास उल्लेखनीय चासोको विषयका रुपमा रहेको छ किनभने त्यसलाई केही अवस्थामा धम्काउने अस्त्रका रुपमा प्रयोग गरिएको देखिन्छ : श्रमिकलाई उनीहरूले काम निरन्तर नगरे उनीहरूले पाउनुपर्ने बाँकी रकम नपाउने भन्ने गरिन्छ। ज्याला भुक्तानीमा वेरुजु र ढिलाई श्रम अधिकारको उल्लङ्घन हो र खासगरी न्यायसंगत र सुहाउँदो पारिश्रमिक पाउने अधिकारको उल्लङ्घन हो।

एम्नेस्टी इन्टरनेसनललाई ८८ जना पुरुषहरूले उनीहरूलाई कतार छोड्ने अधिकारबाट वञ्चित गरिएको बताए। उदाहरणका लागि सेभेन हिल्स्ले नियुक्त गरेको तर एभेरसेन्डाईका लागि खलिफा स्टेडियममा काम गर्ने नेपालबाट आएका धेरै पुरुषहरू नेपालमा २०७२ बैशाख १२ गते गएको भूकम्पपछि आफ्नो परिवारको अवस्था बुझ्न घर फर्कन चाहन्थे तर सेभेन हिल्सले उनीहरूलाई त्यसो गर्न दिएन। आफ्ना परिवारका सदस्यहरू जीवतै छन् वा छैनन् भन्ने कुराको जानकारी नपाउँदा र उनीहरूलाई हेर्न घर फर्कन नपाउँदाको निराशा उनीहरूले एम्नेस्टी इन्टरनेसनलसमक्ष अभिव्यक्त गरे। यो कुरा उनीहरू खलिफा स्टेडियम परियोजनाका एभेरसेन्डाईका लागि

काम गरिरहेको समयमा भएको हो । यी विषयहरूलाई एभेरसेन्डाई समक्ष एम्नेस्टी इन्टरनेसनलले उठाउँदा त्यसको कम्पनीले कुनै जवाफ दिएन ।

खलिफा स्टेडियममा काम गर्ने केही श्रमिकहरूलाई बलजफ्ती श्रममा लगाइएको एम्नेस्टी इन्टरनेसनलले प्रमाण भेट्यो । ती पुरुषहरू श्रमिक आपूर्ति गर्ने सेभेन हिल्स् कम्पनीका लागि काम गर्दथे । बलजफ्त श्रमको जोखिमलाई यो तथ्यले पनि बढाउने काम गर्‍यो कि धेरै आप्रवासी श्रमिकहरू आफ्नो रोजगारीको सर्तहरूबारे अस्पष्ट थिए र सम्झौतापत्र परिवर्तन वा वाचा गरिएको भन्दा कम पारिश्रमिकको अवस्था उनीहरूले सामना गर्नु परिरहेको थियो । श्रमिकहरूलाई काम लिन कम्पनीका म्यानेजरहरूले प्रयोग गर्ने गरेको दण्डहरूमा पारिश्रमिक नदिने, स्वदेश फिर्ता गर्ने र साथै रोजगारदाताले प्रस्थान स्वीकृति नदिएका कारण कतार छोडेर जान नदिनेलगायत रहेको पाइयो । विगत सम्झँदै एक जना श्रमिकले भने, “कम्पनीको अफिस गएर म्यानेजरलाई म घर फर्कन चाहन्छु किनभने मेरो तलब जहिल्यै ढिला हुन्छ भनेर भन्न गएँ । म्यानेजर मलाई कराउँदै भने ‘काम गरिरहनु नत्र तिमी यहाँबाट कहिल्यै जान पाउने छैनौं !’” म्यानेजरले कामलाई निरन्तरता नदिएमा उनले पाउन बाँकी पारिश्रमिक पनि रोक्का गरिदिने धम्की दिए । खलिफा स्टेडियमा काम गर्ने अर्को श्रमिकले एम्नेस्टी इन्टरनेसनललाई भने, “म इलेक्ट्रिसियन हुँ र मैले विद्युतसम्बन्धी काम गर्ने भनी सहमती गरेको हो । तर कतार आएपछि मलाई पहिलो दुई महिनामात्र


AMNESTY INTERNATIONAL

इलेक्ट्रिसियनको काम दिइयो । त्यसपछि उनीहरूले मलाई फलाम फिटिङ्गको काम गर्न भने ।"त्यसपछि उनी र अन्यले म्यानेजरलाई उजुरी गर्दा, म्यानेजरले यसो भने, "अर्का १ देखि ३ महिनासम्म काम गर्नु र जे पाउँछ त्यसैमा चित्त बुझाउनु । यदि काम नगर्ने हो भने, तिमीहरूले तलब पनि पाउँदैनौ र तिमीहरूको पासपोर्ट पनि फिर्ता हुनेछैन ।"

अहिलेका अवस्थामा प्रस्थान स्वीकृति प्रणाली हिंडडुलको स्वतन्त्रताको अधिकारको उल्लङ्घन भएको एम्नेस्टी इन्टरनेसनलको ठहर छ । आप्रवासी कामदारहरूलाई कतारबाट बाहिर जान रोक्न यस व्यवस्था अन्तर्गत आफ्नो अधिकार प्रयोग गर्दा रोजगारदाताहरूले श्रमिकहरूको हिंडडुलको स्वतन्त्रताको अधिकारको उल्लङ्घन गरेकोमा जिम्मेवार ठहरिने छन् ।

खलिफामा काम गर्ने पुरुषहरूले अन्य धेरै समस्याहरूको बारेमा पनि उल्लेख गरे जसमा बसोबासको स्वीकृति नहुनु पनि रहेको छ, जसको अर्थ उनीहरू पक्राउ पर्ने र देश निकाला गरिने जोखिममा छन् । यसका लागि आवश्यक कागजपत्र उपलब्ध गराउन सम्बन्धित निकायसँग व्यवस्था गर्ने कुरा रोजगारदाताहरूमा निर्भर हुने कुरा हो । कम्पनी र ठेकेदारहरूसँग कागजपत्रको अभावको विषयलाई एम्नेस्टी इन्टरनेसनलले उठान गर्दा उनीहरूले त्यसलाई अस्विकार गरे वा त्यो विषयलाई सम्बोधन गरेनन् ।

## करारनामा चक्रभर कम्पनीको जिम्मेवारी पूरा गर्ने असफलता

व्यवसाय र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सबै कम्पनीहरूले सबै मानवअधिकारको सम्मान गर्नुपर्छ। यसमा श्रम अधिकार पनि पर्छ। यो कुरा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्द्वारा पारित गरिएको अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त व्यवसाय र मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय निर्देशक सिद्धान्तहरू ( यूएनजीपीएस)मा स्पष्ट गरिएको छ। मानवअधिकारको सम्मान गर्ने दायित्व कम्पनीको आफ्नै क्रियाकलापहरूमा मात्र लागु नभई त्यसको व्यावसायिक सम्बन्धमा पनि हुन्छ, जस्तै : उप-ठेकेदारहरूसँगको सम्बन्धहरू। यूएनजीपीएसले कम्पनीका "क्रियाकलापहरू"मा आफूले चालेको कदम र चाल्न नसकेको कदम दुवै पर्छ भनी उल्लेख गरेको छ।

मानवअधिकारको सम्मान गर्नुपर्ने दायित्व पूरा गर्न कम्पनीहरूले आफ्ना कामकारवाहीसँग सम्बन्धित मानवअधिकार ज्यादतिहरूको पहिचान, निवारण र न्यूनीकरण गर्न र आवश्यक भएको अवस्थामा त्यसलाई सम्बोधन गर्न एउटा मानवअधिकार निष्पादन पद्धतिको स्थापना गर्नुपर्छ। कतारको निर्माण क्षेत्रको सन्दर्भमा कम्पनीहरूले आफूले प्रत्यक्ष रुपमा नियुक्त गरेका पुरुष तथा महिलाहरूप्रति गरिने व्यवहारका लागि जिम्मेवार हुनाको साथै आफूले ठेक्का दिने कम्पनीहरूले पनि उनीहरूका लागि काम गर्ने व्यक्तिहरूको अधिकारको हनन् नगरेको सुनिश्चित गर्न आवश्यक जिम्मेवारीका साथ काम गर्नुपर्छ।

एम्नेस्टी इन्टरनेसनलले अभिलेखन गरेका शोषणजन्य श्रम अभ्यासहरू ऐभरसेन्डाइ र नखीलद्धारा सञ्चालित कार्यहरूका सन्दर्भमा भएको हो ।

ऐभरसेन्डाइको हकमा कम्पनीले आफूले प्रत्यक्ष रुपमा नियुक्त गरेका श्रमिकहरूको अधिकार हनन् गर्‍यो जसमा उनीहरूलाई खचाखच भरिएको र फोहोरी श्रम शिविरमा राख्नुका साथै उनीहरूको राहदानी जफत गर्नु रहेका छन् । यी दुवै दुर्व्यवहार पछि सच्याउने काम गरियो । ऐभरसेन्डाइले आफूले प्रयोग गरेको आपूर्ति कम्पनीबाट आएका श्रमिकहरूको सम्मान गर्ने हकमा पनि जिम्मेवारपूर्ण तरिकाले काम गर्न असफल रह्यो । श्रमिकहरूको हकहितसम्बन्धी मापदण्डलाई स्पष्ट रुपमा पालना नगर्ने कम्पनीहरूलाई विश्वकप आयोजना स्थलसम्म ल्याउनमा ऐभरसेन्डाई जिम्मेवार छ । खलिफा स्टेडियममा कम्पनीका लागि काम गर्दा बलजफ्त श्रम गर्न आप्रवासी कामदारहरू बाध्य पारिएको प्रमाणप्रति ऐभरसेन्डाईले सम्बोधन नगरेको तथ्य विशेष चिन्ताको विषय रहेको छ ।

दुर्व्यवहारहरू ऐभरसेन्डाईको प्रत्यक्ष सुपरिवेक्षण अन्तर्गत भए तापनि विश्वकप आयोजना स्थलको समग्र जिम्मेवारी मुख्य ठेकेदार मिडम्यास सिक्स कन्स्ट्रक्ट जेभीमा रहेको छ । श्रमिकहरूको कल्याणसम्बन्धी मापदण्डमा मुख्य ठेकेदारले आफू अन्तर्गतका ठेकेदारले मापदण्ड अनुरुप काम गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरे तापनि मिडम्यास सिक्स् कन्स्ट्रक्ट जेभीले सम्झौतामा सहमति भएको महिनौंसम्म पनि ऐभरसेन्डाईका श्रमिकहरू कुन अवस्थामा

बसोबास गरिहेका छन् भनेर जाँच गरेन । एम्नेस्टी इन्टरनेसनलले मुद्दालाई उनीहरूसमक्ष नउठाएसम्म खलिफा निर्माणस्थलमा श्रमिक आपूर्ति गर्ने कम्पनीहरूका तर्फबाट काम गर्न आएका श्रमिकहरूका बारेमा मिडम्यास सिक्स् कन्स्ट्रक्ट जानकार थिएन । श्रमिकहरूलाई गलत ढंगबाट नियुक्ति गरिएको र पारिश्रमिक दिनमा ढिलाइ गरिएको प्रमाणप्रति सम्बोधन गर्दै कम्पनीले आफूले सो विषयमा सहायक कम्पनीहरूलाई स्वयम् प्रतिवेदन बुझाउन आग्रह गरेको बतायो । श्रमिक आपूर्ति कम्पनीहरूका लागि काम गर्ने केही पुरुषहरू बलजफ्त श्रम गर्न बाध्य पारिएको र खासगरी श्रमिकहरूलाई कतार छोड्न नदिने वा कतारबाट निकाला गर्न सक्ने स्पोन्सोरसिप प्रणाली अन्तर्गत रोजगारदातहरूलाई प्रदान गरिएको अधिकार श्रमिकहरूलाई धम्काउन प्रयोग गरिएको प्रमाण एम्नेस्टी इन्टरनेसनलले प्रस्तुत गरे तापनि त्यसबारे मिडम्याक सिक्स् कन्स्ट्रक्ट जेभीले केही प्रतिक्रिया जनाएन ।

नखील आफ्ना श्रमिकहरूलाई उपयुक्त आवासगृहमा राख्न सन् २०१५को अन्त्यसम्ममा पनि सफल भएन र आप्रवासी श्रमिकहरूको नियुक्तिमा जिम्मेवारीपूर्ण तरिकाले काम गर्न पनि सकेन । नखील कतारमा १८ बर्षदेखि कार्यरत छ । नियुक्ति प्रक्रियामा छलकपट व्यापक छ । एम्नेस्टी इन्टरनेसनललाई नखीलले बताए जस्तै सो समस्या उसले सन् २०१५ मा मात्र थाहा पाएको भन्नुको अर्थ उसले नियुक्त गर्ने आप्रवासी श्रमिकहरूको अधिकारप्रति अवहेलनाको संकेत हो । नखीलका लागि काम गर्ने १०२ जना पुरुषहरूको एम्नेस्टी

इन्टरनेसनलले अन्वर्तार्ता लिएको थियो जसमा ९९ जना एस्पायर जोनमा कार्यरत थिए र छलकपटपूर्ण नियुक्ति प्रक्रियालाई नियन्त्रण गर्न नसक्नुले समग्र आप्रवासी श्रमिकहरूलाई नै प्रभावित गर्ने समस्याहरू व्याप्त रहेको सम्भावना छ ।

खलिफा स्टेडियम र एस्पायर हरितस्थल दुवैका लागि अन्तिम ग्राहकका रुपमा रहेको एस्पायर जोन फाउण्डेसनले दुर्व्यवहार भएको कुरालाई अस्वीकर गरे तापनि त्यस सम्बन्धमा अनुसन्धानको आदेश दिएको बतायो । फाउण्डेसनले भन्यो, “यहाँ उल्लेखनीय के छ भने हाम्रो प्रारम्भिक जाँचले (श्रमिक कल्याण) मापदण्डको प्यापक हनन् भएको देखाउँदैन ।” यो भनाई तथ्यहरूसँग मेल खाँदैन । एस्पायर जोन फाउण्डेसनलाई कुनैपनि यथोचित अनुसन्धानले जानकारी गराउने एम्नेस्टी इन्टरनेसनलले अभिलेखन गरेका केही समस्याहरूले

श्रमिक कल्याण मापदण्ड र कतारी कानुनको गम्भीर र नियोजित उल्लङ्घनलाई प्रतिनिधित्व गर्दछ । यसमा मुख्य दुई ठेकेदारले आप्रवासी कामदारहरूलाई राखेका न्यून गुणस्तरको आवासगृह र राहदानी जफत गर्ने कार्य समावेश छन् ।

## कतार सरकारको जिम्मेवारी

देशमा भइरहेको मानवअधिकार ज्यादतिका लागि अन्ततः कतार सरकार जिम्मेवार छ । माथि उल्लेख भए जस्तै सबैभन्दा खराब श्रम शोषणको मूल कारकतत्वका रुपमा कतारको स्पन्सर प्रणाली रहेको छ । स्पन्सर प्रणालीले रोजगारदातालाई आप्रवासी कामदारमाथि उल्लेखनीय अधिकार प्रदान गर्दछ । अक्टोबर २०१५ मा कतारका

अमीरले सन् २०१५ को कानुन नं २१ लाई अनुमोदन गरे जसले सन् २००९ को स्पन्सरसिप कानुनलाई प्रतिस्थापन गर्नेछ । यो सन् २०१६ को डिसेम्बरबाट लागु हुनेछ । नयाँ कानुनले आफ्नो स्पन्सरको देश बाहिर जाने प्रस्थान अनुमति अस्वीकार गर्ने निर्णयविरुद्ध आप्रवासी श्रमिकले अपिल गर्नसक्नेछन् । यसले काम परिवर्तन गर्ने वा कतार छोडेर जाने श्रमिकको प्रयास र त्यससम्बन्धी प्रक्रियामा राज्यको निगरानी बढाउने काम पनि गर्छ । यद्यपि आप्रवासी श्रमिकहरूले अझै पनि काम परिवर्तन गर्न वा देश बाहिर जान स्पन्सरको अनुमति लिनुपर्छ । श्रमिकहरूको अधिकार संरक्षणका लागि विद्यमान कानुन कार्यान्वयन गर्नमा जिम्मेवार निकायको असफलताले आप्रवासी श्रमिकहरूको अवस्थालाई अझ जोखिमपूर्ण बनाइदिएको छ ।

एम्नेस्टी इन्टरनेसनलको जानकारीमा आएसम्म यस प्रतिवेदनमा अभिलेखन गरिएका मुद्दासँग सम्बन्धित कुनै पनि श्रमिकले उनीहरूले सामना गरिरहेको मानवअधिकार ज्यादति बारे सम्बन्धित निकायमा उजुरी गरेका छैनन् । खलिफा स्टेडियम र एस्पायर जोनमा भइरहेका ज्यादति बारे एम्नेस्टी इन्टरनेसनलले कतार सरकारलाई लिखित रुपमा जानकारी गरायो । धेरै घटनामा कतारी कानुनको उल्लङ्घन भएको तथ्यका बावजुद सरकारको प्रतिउत्तरले कुनै खास ज्यादतिलाई सम्बोधन गरेन ।

कतारमा रहेका बहुसंख्यक श्रमिकहरू कमजोर कार्यान्वयन अवस्था भएका कानुनी आधारमाथि निर्भर हुनुपर्ने अवस्था रहेको भए तापनि

विश्वकप आयोजनास्थलमा संलग्न श्रमिकहरूलाई  सुप्रिम कमिटि फर डेलिभरी र लेगेसीको श्रमिक कल्याण मापदण्डले पनि समेटेको छ । विश्वकप आयोजना निर्माणस्थलका श्रमिकहरूको अधिकारको सम्मान र संरक्षण भएको सुनिश्चित गर्नेतर्फ सुप्रिम कमिटीले निरन्तर प्रतिबद्धता अभिव्यक्त गरेको छ । श्रमिक कल्याण मापदण्ड तर्जुमा गर्नुका अतिरिक्त सुप्रिम कमिटीले एम्नेस्टी इन्टरनेसनल र अन्य मानवअधिकार समूहहरूसँग भेट गरी ती मापदण्ड र तीनको कार्यान्वयनमा सल्लाहसुझाव लिंदै प्रगतिको मुल्याङ्कन गरी नियमित रुपमा तथ्याङ्क पनि प्रकाशित गर्दै आएको छ । दुर्व्यवहारको उजुरीलाई पनि कमिटीले नियमित रुपमा सम्बोधन गर्दै आएको छ ।

यद्यपि, खलिफा स्टेडियम परियोजनामा देखिएको ज्यादतिहरूले देखाए जस्तै श्रमिक कल्याण मापदण्डको अनुगमन र कार्यान्वयन गर्ने सुप्रिम कमिटीको अवधारणामा केही आधारभूत समस्याहरू रहेका छन् । पहिलो कुरा मापदण्ड विश्वकप परियोजनाका सबै कम्पनी र श्रमिकहरूका लागि लागु हुनुपर्ने भए तापनि सुप्रिम कमिटी मुख्य ठेकेदारको परिपालनमा मात्र केन्द्रित रहेको छ । यस अवधारणाले साना ठेकेदार र श्रमिक आपूर्ति कम्पनीहरूका लागि काम गर्ने आप्रवासी श्रमिकहरू सामान्यतया बढी जोखिममा हुन्छन् भन्ने प्रमाणलाई उपेक्षा गर्दछ । एम्नेस्टी इन्टरनेसनलले खलिफा स्टेडियममा अभिलखन गरेका सबैभन्दा खराब ज्यादतिहरूमध्ये केही श्रमिक आपूर्ति कम्पनीहरूबाट भएको थियो, जो परियोजनासँग सम्बन्धित छ भन्ने कुराको जानकारी पनि सुप्रिम कमिटीलाई थिएन ।

दोस्रो कुरा सुप्रिम कमिटीका प्रक्रियाहरू कम्पनीहरूबाट स्वयम् गरिने समीक्षामाथि धेरै निर्भर छन् । यो अवधारणा श्रम अधिकारको दुव्यवहारको पहिचान गर्न, निवारण गर्न र उपचार गर्न पर्याप्त छैन । एम्नेस्टी इन्टरनेसनलको अनुभवमा अधिकारको उल्लङ्घन गने बढी सम्भावना रहेका तीन कम्पनीहरूले स्वयं प्रतिवेदन बुझाउने प्रक्रियाको पनि दुरुपयोग गर्छन् । खलिफा स्टेडियमको हकमा स्वयं गरिने समीक्षाले गम्भीर समस्याहरू पहिचान गरेको देखिंदैन ।

अन्त्यमा, सुप्रिम कमिटीको जोड धेरै आवासगृहको गुणस्तरमा रहेका छ । यो महत्वपूर्ण भए तापनि नियुक्ति प्रक्रियामा हुने छलकपट, श्रमिकहरूको पारिश्रमिक कयौं महिना बेरुजु राख्ने प्रवृत्ति र बलजफत् श्रमलगायका अन्य गम्भीर मुद्दाहरूले पर्याप्त ध्यान पाउन सकेको छैनन् ।

## फिफा

सुप्रिम कमिटीले कतारमा सञ्चालित विश्वकप परियोजनामा आप्रवासी कामदारहरूको अधिकारबारे प्रतिबद्धता देखाए तापनि फिफाका बारेमा त्यही भन्न सकिंदैन । विश्वकप आयोजना गर्ने कतारको दावीले प्रतियोगिताका लागि खलिफा स्टेडियमको मर्मतसम्भारसहित व्यापक निर्माण कार्य आवश्यक रहेको देखाएको थियो । सन् २०१० मा फिफाले २०२२ को विश्वकप आयोजना गर्न अधिकार कतारलाई प्रदान गर्दा कतारमा हुने मुख्य निर्माण कार्यमा आप्रवासी श्रमिकहरूको संलग्नता हुनेछ र आप्रवासी श्रमिकहरू गम्भीर र नियोजित श्रम शोषणको शिकार बन्ने गरेका छन् भन्ने

कुरा फिफालाई जानकारी थियो वा हुनुपर्दथ्यो । तथापि फिफाले विश्वकप पूर्वाधारको निर्माण गर्ने पुरुषहरू शोषणमा नपरेको सुनिश्चित गर्न कुनै पनि कदम चालेन ।

खलिफा स्टेडियम परियोजनामा संलग्न आप्रवासी श्रमिकहरूको मानवअधिकार उल्लङ्घनको प्रमाण एम्नेस्टी इन्टरनेसनलले फिफासमक्ष प्रस्तुत गर्‍यो । फिफाले कुनै पनि खास मुद्दामा चासो देखाएन र त्यसलाई सम्बोधन गर्न संगठनले कुनै कदम चाल्ने कुरा पनि बताएन । त्यस विपरित फिफाले सुप्रिम कमिटीले चालेको केही कदमहरूलाई उदृत गर्‍यो ।

आफ्नो विद्यमान दायित्व बहन अवधारणालाई व्याख्या गर्दै फिफाले “प्रारम्भिक बैठकहरू र निर्माणस्थलहरूको निरिक्षण भ्रमण” गरिएको उल्लेख गर्‍यो । फिफाले २०२२ फिफा विश्वकप दिगोपना कार्यदल गठन गरेको छ...पहिलो बैठक नोभेम्बर २०१५ मा आयोजना भयो । (जोड दिइएको) । एम्नेस्टी इन्टरनेसनलाई बताए अनुसार फिफा “आफ्नो मानवअधिकार दायित्व बहन प्रक्रियालाई औपचारिक रुप दिने प्रक्रियामा रहेको” छ । कतारलाई विश्वकप आयोजना गर्ने अधिकार २०१० मा दिएको भए तापनि दायित्व बहन प्रक्रिया स्थापना गर्न किन पाँच बर्ष लाग्यो भन्ने विषयमा फिफाले कुनै स्पष्ट जवाफ दिनसकेन ।

समग्रमा फिफाको प्रतिउत्तरले विश्वकप आयोजनास्थलका आप्रवासी श्रमिकहरूको अधिकार हनन् नभएको सुनिश्चित गर्नेतर्फ कुनै


AMNESTY INTERNATIONAL

वास्तविक प्रतिबद्धता देखाउन नसकेको एम्नेस्टी इन्टरनेसलनको ठहर छ ।

सन् २०२२ को फिफा विश्वकप आयोजना गर्ने जिम्मेवारी कतारलाई प्रदान गरिसकेपछि व्यक्तिको अधिकारको खास जोखिम र वास्तविक प्रभावलाई सम्बोधन गर्ने मानवअधिकार दायित्व बहनको दरिलो र निरन्तरको प्रक्रिया अवलम्बन गर्नु फिफाको दायित्वमा पर्दछ । तर बुझाइएका प्रमाणहरूमा यस्तो भइरहेको छैन । श्रम शोषणको मुद्दामा फिफाले निरन्तर रुपमा कुनै अर्थपूर्ण कदम चाल्न नसक्नु भनेको विश्वकप आयोजना निर्माणस्थलमा संलग्न हजारौं आप्रवासी श्रमिकहरू शोषणको जोखिममा पर्नु हो । यसका अतिरिक्त, विश्वकप फुटबल प्रतियोगिताका हेर्न कतार जाने फुटबल खेलप्रेमीहरू आप्रवासी श्रमिकहरू काम गर्ने होटलमा बस्ने, रेस्टुराँमा खाने र सेवा उद्योगको सम्पर्कमा आउने हुनाले कतारका आप्रवासी श्रमिकहरूको बृहत मानवअधिकारको अवस्थालाई आफ्नो मावनअधिकारको दायित्व बहनको एउटा अंशको रुपमा लिनुपर्छ ।

एम्नेस्टी इन्टरनेसनलले कतार सरकार, सुप्रिम कमिटी फर डेलिभरी एण्ड लिगेसी, खलिफा स्टेडियम र एस्पायर जोन परियोजनामा संलग्न कम्पनी र फिफाका लागि विभिन्न सिफारिसहरू गरेको छ ।

यस संस्था कतारी निकाय तथा पदाधिकारीहरूलाई कुनै व्यक्तिले कतार बाहिर जान सक्छ वा सक्दैन भन्ने कुराको निर्णय गने अधिकार रोजगारदाताहरूले प्राप्त गर्ने प्रणालीलाई खारेज गर्न र आफ्नो स्पन्सरको स्वीकृति विना आप्रवासी श्रमिकले काम परिवर्तन

गर्न सक्ने सुनिश्चित गर्न आह्वान गर्दछ । साथै, कतारले देशको श्रम कानुनको उल्लङ्घन भएको पहिचान गर्ने सम्बोधन क्षमतालाई उल्लेखनीय रुपमा बढाउनुपर्छ ।

सुप्रिम कमिटीले अति जरुरी विषयको रुपमा साना ठेकेदारहरूको पनि निगरानी सुनिश्चित गर्न श्रमिक कल्याण मापदण्डको अनुगमन र कार्यान्वयनसम्बन्धी आफ्नो अवधारणालाई संशोधन गर्नुपर्छ । मापदण्डको उल्लङ्घनहरूको पहिचान गर्न कमिटीले अझ बढी अनुसन्धानात्मक अवधारणा अवलम्बन गर्नुपर्छ । खासगरी एम्नेस्टी इन्टरनेसनल सुप्रिम कमिटीलाई सेभेन हिल्स् र ब्लू बेसँग सम्बन्धित मुद्दाहरूलाई हेर्न आह्वान गर्दछ ।

कतारमा खेलकुद प्रवर्द्धनमा एस्पायर जोन फाउण्डेसनले मुख्य भूमिका निर्वाह गर्दछ । आफू जिम्मेवार रहेको परियोजनाहरूमा संलग्न आप्रवासी श्रमिकहरूको अधिकारको उल्लङ्घन प्रतिको यसका हालको अवधारणा कमजोर छ । फाउण्डेसनले मानवअधिकारप्रतिको जोखिमको पहिचान र सम्बोधन भएको सुनिश्चित गर्ने एउटा दिगो दायित्व बहन संरचनाको विकास गर्नुपर्छ ।

अभिलेख गरिएको प्रत्येक निश्चित दुर्व्यवहारका सम्बन्धमा खलिफा स्टेडियमको मर्मतसम्भार र एस्पायर जोन ल्यान्स्केपिङ्गमा संलग्न कम्पनीहरूका लागि एम्नेस्टी इन्टरनेसनलले विस्तृत सिफारिसहरू गरेको छ । आप्रवासी श्रमिकहरूको अधिकारका सम्बन्धमा सबै कम्पनीहरूले प्रभावकारी दायित्व बहन गर्न असफल भएका छन् । ज्यादतिहरूको उपचार गर्ने कदम श्रमिकहरूको अधिकार र

निष्ठालाई सम्मान गर्ने तरिकाबाट गर्न पनि कम्पनीहरूलाई एम्नेस्टी इन्टरनेसनल आह्वान गर्दछ । भर्ना प्रक्रियामा हुने छलकपट सम्बोधन गर्न सबै कम्पनीहरूले आफूले प्रयोग गर्ने म्यानपावर कम्पनीहरूसँग प्रत्यक्ष रुपमा काम गर्नुपर्छ । म्यानपावर कम्पनीहरूलाई आफैं प्रतिवेदन बुझाउन लगाउने कार्य पर्याप्त हुँदैन ।

अन्त्यमा एम्नेस्टी इन्टरनेसनलले फिफालाई कतारका विश्वकप आयोजना स्थलहरूका आप्रवासी श्रमिकहरूको अधिकारलाई सम्बोधन गर्ने तरिकामा उल्लेखनीय परिवर्तन गर्न आह्वान गर्दछ । आफ्नो दायित्व बहन गर्न पाँच बर्षभन्दा बढी समय असफल भएको परिप्रेक्षमा फिफाले प्रयोजन अनुरुपको र श्रमिकहरूको अधिकार संरक्षण गर्ने प्रक्रियाहरू स्थापित गरेको सुनिश्चित गर्नुपर्छ । साथै, फिफाले कतार छोड्न पाउने श्रमिकहरूको अधिकारमाथि रोजगारदाताको नियन्त्रण हटाउन कतार सरकारलाई आह्वान गर्दै नियमित र ठोसरुपमा काम गर्नुपर्छ । यसो गर्न फिफा असफल भएमा सन् २०२२ को विश्वकप हेर्न कतार पुग्ने गर्ने हरेक महिला, पुरुष र बच्चाले होटल, खेलस्थल, पसलमा आप्रवासी श्रमिकहरूलाई प्रत्यक्ष भेट्ने छन् जसको मानवअधिकार उल्लङ्घन भएको हुनेछ ।



AMNESTY INTERNATIONAL

# एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि एउटा विश्वव्यापी आन्दोलन हो । एक जनालाई मात्र अन्याय पर्दा पनि त्यो हामी सबैको सरोकारको विषय हो ।

**सम्पर्क गर्नुहोस् :**

info@amnesty.org

+४४(०)२०७४१३५५००

**संवादमा सहभागी बन्नुहोस्**

www.facebook.com/AmnestyGlobal

@AmnestyOnline

AMNESTY INTERNATIONAL

# सुन्दर खेलको कुरूप पक्ष

सन् २०२२ मा कतार हुने विश्वकप फुटबल प्रतियोगिता आयोजनास्थल मध्ये एकमा आप्रवासी श्रमिकहरुको शोषण

सन् २०२२ मा हुन गइरहेको विश्वकप फुटबल प्रतियोगिताको एउटा मुख्यस्थलका रुपमा रहेको खलिफा अन्तर्राष्ट्रिय स्टेडियम र त्यसको छिमेकमा रहेको ऐस्पायर जोनमा कार्यरत आप्रवासी कामदारहरु धेरै प्रकारको शोषणजन्य अभ्यासको शिकार बन्न पुगेका छन् । त्यसमा उच्च भर्ना शुल्क, जसका लागि धेरैले ऋण लिएका हुन्छन् ; पाउने ज्याला र कामको प्रकृतिका बारेमा झुठो आश्वासन ; राहदानी कब्जा गरिदिने ; फाहोर र खचाखच भरिएको आवासस्थल; र आफ्नो अवस्थाका बारेमा गुनासो गर्दा धम्कीको सामना गर्नुपर्नेलगायत रहेका छन् । केहीलाई बलजफ्ती श्रममा पनि लगाइएको छ ।

यस प्रतिवेदनमा अभिलेखन गरिएका दुर्व्यवहारहरु बहु-असफलताहरुको परिणाम हो : निर्माणस्थलका लागि जिम्मेवार व्यावसायिक प्रतिष्ठान र संस्थाहरु आफ्नो व्यावसायिक क्रियाकलापहरुसँग सम्बन्धित मानवअधिकारका जोखिमहरुको पहिचान गर्ने पर्याप्त दायित्व बहनका प्रक्रियाहरु स्थापित गर्न असफल भए । आप्रवासी श्रमिकहरुलाई उपलब्ध गराइएको आवास सुविधामा धेरै कम्पनीहरुले सुधार गरे तापनि शोषणजन्य भर्ना प्रक्रिया र बलजफ्त श्रमजस्ता अन्य विषयहरुलाई सम्बोधन गर्न खासै केही गरेका छैनन् ।

प्रतियोगिता सम्पन्न गर्न जिम्मेवार निकायका रुपमा रहेको सुप्रिम कमिटीले श्रमिकहरुको अधिकारप्रति केही प्रतिबद्धता जनाए तापनि त्यसले जारी गरेको श्रमिक कल्याण मापदण्ड खलिफा स्टेडियम निर्माणस्थलमा कार्यरत आप्रवासी श्रमिकहरुको संरक्षण गर्न असफल रहयो । कतारी पदाधिकारीहरुले वाचा गरेका श्रम सुधारहरुले अर्थपूर्ण सुधार दिन सकेको छैनन्, जसले गर्दा आप्रवासी श्रमिकहरु दुर्व्यवहारका जोखिममा रहेका छन् । कतारलाई विश्वकप आयोजनाको जिम्मेवारी दिनु अघि फुटबलको अन्तर्राष्ट्रिय महासंघ (फिफा)ले मानवअधिकारको विषयमा ध्यान दिएन । कतारलाई छनौट गरिसके पछि पनि विश्वकप

आयोजना स्थलहरुमा रहेको श्रमिकको जोखिम र अन्य मानवअधिकार दुर्व्यवहारलाई सम्बोधन गर्न केही ठोस कदम चाल्न सकेको छैन ।

कतारी प्रायोजन (स्पन्सरसिप) व्यवस्थामा आधारभूत सुधार नल्याएसम्म र सबै पात्रहरुबाट अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डका सम्मान नभएसम्म विश्वकप २०२२ शोषित श्रमशक्तिबाट निर्मित हुने जोखिममा रहेको छ ।

**इन्डेक्स् : एमडीई २२/३७४१/२०१६**

**मार्च २०१६**

**amnesty.org**

AMNESTY INTERNATIONAL